# अमरगढी नगरपालिका कर्मचारी समायोजन तथा व्यवस्थापन विद्येयक, २०७९

नगरसभाबाट स्वीकृत मितिः-२०७९ असार १४ गते
प्रमाणिकरण मितिः-२०७९ असार २० गते

नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन नभएका कारण अमरगढी नगरपालिकाको समग्र कार्य सम्पादनमा उपेक्षित प्रभावकारिता नदेखिएको, वि.सं. २०७४ सालदेखी विज्ञापन र वढुवा नहुँदा स्थानीय सेवाका कर्मचारीहरुको वृत्ति विकास अवरुद्ध भएको अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधारमानी स्थानीय सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई नगरपालिकामा पदस्थापना भएका कर्मचारीहरुको समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्थागर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐर, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम अमरगढी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस ऐनको नाम **"अमरगढी नगरपालिका कर्मचारी समायोजन तथा व्यवस्थापन ऐन, २०७९"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः- **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

**क)" ऐन"** भन्नाले अमरगढी नगरपालिका कर्मचारी समायोजन तथा व्इवस्थापन ऐन, २०७९ सम्झनु पर्छ ।

ख) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको अमरगढी नगरपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी कर्मचारी वा अन्य स्थानीय निकायबाट समायोजन हुँदा तह वृद्धि नभई अमरगढी नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका वखत स्थायी स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

ग) **"कार्यपालिका"** भन्नाले अमरगढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) **" तोकिएको वा तोकिए वमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णयगरि तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्दछ ।

ङ) **"नगर सभा"** भन्नाले अमरगढी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

छ ) **"स्थानीय सेवा"** भन्नाले अमरगढी नगरपालिकाका साविक स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीहरुको सेवा समूहलाई सम्झनु पर्दछ ।

ज) ) **"नगरपालिका"** भन्नाले अमरगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

झ) ) **"स्थानीय कानून"** भन्नाले अमरगढी नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्दछ ।

३. **स्थानीय  सेवाका कर्मचारी समायोजन गर्नेः** १) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापना भएका र यो ऐन जारी हुँदाका वखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको  समायोजन गरिनेछ ।

२) उपदफा (१) बमोजिम समायोजन हुँदा समायोजन कर्मचारी ऐन, २०७५ अनुसार र यस ऐन लागु हुँदाका बखत सेवा अवधि र योग्यता भएका कर्मचारीलाई समायोजन गरिनेछ ।

३) उपदफा (१) वमोजिम स्थानीय सेवाका कर्मचारीहरुको समायोजन १ पटकका  लागि देहाय अनुसार शैक्षिक योग्यता र सेवा अवधि  हुनेछ ।

| साविकको तह | सेवा अवधि र शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| सहायकस्तर चौथो | पाँच बर्षभन्दा कम सेवा अवधी | सहायकस्तर चौथौ | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच बर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधी | सहायकस्तर पाँचौं | ......................... |
| सहायकस्तर पाँचौ | पाँच बर्षभन्दा कम सेवा अवधी | सहायकस्तर पाँचौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच बर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधी | अधिकृत स्तर छैटौं | ............................ |
| अधिकृत छैटौं | पाँच बर्षभन्दा कम सेवा अवधी | अधिकृत स्तर छैटौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच बर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधी | अधिकृत स्तर साँतौ | ............................ |

४) उपदफा (२) वमोजिमको सम्बन्धित पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

५) यस दफा वमोजिम स्थानीय सेवाका कर्मचारी वढुवागर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थपगरि तलव मिलान गरिनेछ ।

६) उपदफा (१) वमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीले बढुवा कायम हुने तहका निम्ति तोकएको तलवमान र सुविधा प्राप्त गर्नेछन ।

४. **समायोजन नहुनेः** दफा ३ अनुसार समायोजन भएका कर्मचारीहरुको एक वर्ष भित्र अनिवार्य

अवकाश हुने अवस्था भएमा सरकारी सेवाका कर्मचारीलाई स्थानीय सेवामा समायोजन गरिन छैन ।

**५. <u>समायोजन पत्र दिने</u>:** १) यस ऐन बमोनिम समायोजन भए पश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले समायोजन पत्र दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको समायोजन पत्र अनूसुचि - १ वमोजिम हुनेछ ।

६. **<u>पदस्थापना गरिने</u>:** १) यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाको स्वीकृत संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे वमोजिम सम्बन्धित सेवा समूहको पदमा प्रमुख प्रशासकिय अधिकृतबाट पदस्थापना गरिने छ ।

२) सम्बन्धित सेवा समूहको दरबन्दी पद नमिलेमा समायोजन भएका कर्मचारीहरु स्वतः पुल दरबन्दीमा कायम हुनेछ र दरबन्दी मिलान भएमा सो पुल दरबन्दी स्वतः खारेज हुनेछ । यसरी समायोजन भई पुल दरबन्दीमा रहेका कर्मचारीले समायोजन पूर्व गरि आएको कामकाज गर्नु पर्नेछ ।

७. **<u>समायोजन भएका कर्मचारीहरुको सेवा सुबिधाः-</u>** यस ऐन बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुबिधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. **<u>जेष्ठता गणना :</u>** यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता निर्णयमा उल्लेख भए अनुरुप गणना गरिनेछ

९. **आवश्यक व्यवस्था मिलाउने**ः यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगर कार्यपालिकाले यस ऐनको प्रतिकुल नहुने गरि व्यवस्था मिलाउन सक्नेछ ।

१०. **बिविधः** कर्मचारी समायोजन ऐन, २०७५ पश्चात नगरपालिकाको निर्णय अनुसार यस पूर्व भए गरेका समायोजन सम्बन्धि कार्यहरु अमरगढी नगरपालिका कर्मचारी समायोजन तथा व्यवस्थापन ऐन, २०७९ अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची-१

दफा ५ को उपदफा (२) संग सम्बन्धित

समायोजन पत्र

पत्र संख्याः- मितिः-
च.नं.:-

बिषय :- समायोजन गरिएको सम्बन्धमा ।

श्री ..............................................

.........................................

अमरगढी नगरपालिका कर्मचारी समायोजन तथा व्यवस्थापन ऐन, २०७९ बमोजिम ................................ देखी जेष्ठता गणना हुनेगरि तपाईलाई अमरगढी नगरपालिकाको तपसिल वमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

तपाईलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनको परिधि भित्र रहि इमान्दारी पूर्वक कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको बिवरण | समायोजन पछिको बिवरण |
|---|---|
| पदः- | पदः- |
| **तहः-** | तहः- |
| सेवाः- | सेवाः- |
| समूहः- | समूहः- |

..................................
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः-

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश, कैलाली ।
श्री प्रदेश लोकसेवा आयोग, कैलाली ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री कर्मचारी संचयकोष, ठमेल ।
श्री आर्थिक प्रशासन शाखा, अमरगढी नगरपालिका ।

प्रमाणिकरण मितिः- २०७९।०३।२०

**डिल्लीराज जोशी**
**नगर प्रमुख**